प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY
१६ औं वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३२६ ॥ २०८१ माघ ०७ गते सोमबार (20th Jan 2025 Monday) Pratidin National Daily मूल्य-रु.५/-

# पूर्व मुख्यमन्त्री थापामाथि आक्रमण गर्नेमाथि मुद्दा दायर



झापा(प्रस)। पूर्व मुख्यमन्त्री तथा कांग्रेसको कोशी प्रदेश सभापति एवम् प्रदेशसभा संसदीय दलका नेता उद्धव थापामाथि आक्रमण गर्नेहरुलाई मुद्धा दायर गरिएको छ।

आक्रमणमा संलग्न नेपाल विद्युत प्राधिकरण सुरुङ्गाका कर्मचारीहरु शिवसताक्षी ११ का ४९ वर्षीय भक्तबहादुर कटवाल र कन्काई ३ का ४२ वर्षीय पृथ्वी श्रेष्ठमाथि अभद्र व्यवहार गरेको कसूरमा आइतवार मुद्धा दायर गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । अदालतसंग ३ दिनको म्याद लिएर अभद्र व्यवहारसम्बन्धी मुद्धा दायर गरिएको डीएसपी विष्टले जानकारी दिए।

पूर्व मुख्यमन्त्री तथा कांग्रेस नेता थापामाथि शनिवार साँझ कुटपिट भएको हो ।नेपाल प्रेस युनियन झापाले दोमुखामा आयोजना गरेको बार्षिक साधारण सभाबाट फर्किँदै गर्दा साँझ करिव ७ बजे कन्काई नगरपालिकाको जुकेखाडी कल्भर्टनजिक उनीमाथि कुटपिट भएको हो । बा १ झ ६५३ नं को गाडीमा घर फर्किंदै गरेका अर्जुनधारा ७ निवासी थापामाथि बा १ ज १८७० मा सवार विद्युत प्राधिकरण सुरुङ्गाका कर्मचारीहरुले कुटपिट गरेका थिए । कुटपिटबाट थापा घाइते भएका थिए । उनको देब्रे आँखा सुन्निएको थियो ।उनलाई उपचारका लागि बिर्तासिटी अस्पतालमा भर्ना गरिएको थियो ।विद्युत प्राधिकरण सुरुङ्गाका कर्मचारी सवार गाडीलाई थापा चढेको गाडीले सुरुङ्गा पुलनजिक डाइभर्सनमा ओभरटेक गर्ने क्रममा विवाद भएको बताइएको छ । प्राधिकरणको गाडी र पक्राउ परेका दुवैजनालाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ।

यसैबीच नेपाली कांग्रेसले पार्टीका कोशी प्रदेश सभापति एवम् प्रदेशसभा संसदीय दलका नेता थापामाथि आक्रमण गर्नेहरुलाई कार्वाहीको माग गरेको छ। कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले पूर्व मुख्यमन्त्रीसमेत रहेका थापामाथि भएको आक्रमणको निन्दा र भर्त्सना गर्दै अराजक र आपराधिक कार्यमा संलग्नहरूलाई कारबाहीको माग गरेका हुन्।

# स्नूकरमा पहिलो अन्तर्राष्ट्रिय पदक विजेता श्रेष्ठलाई सम्मान



बिर्तामोड(प्रस)। स्नूकर खेलको इतिहासमा पहिलो अन्तर्राष्ट्रिय पदक जितेका अंकितमान श्रेष्ठ 'रेगन' लाई बिर्तामोड स्नूकरले सम्मान गरेको छ।

बिर्तामोड स्नूकर हाउसमा आइतवार आयोजित एक कार्यक्रममा श्रेष्ठलाई सम्मान गरिएको हो । बिर्तामोड स्नूकरका संचालकहरु खेम बुढाथोकी , नवल अग्रवाल , व्याडमिन्टन संघ झापाका अध्यक्ष प्रकाश लिङ्देनलगायतले खादा ओढाएर उनलाई सम्मान गरेका थिए। सन् २०२५ मा श्रीलंकाको कोलोम्बोमा भएको तेस्रो साग प्रतियोगितामा बुटवलका श्रेष्ठले तेस्रो स्थान हासिल गरी पहिलो पटक अन्तर्राष्ट्रिय पदक जितेका थिए। बिर्तामोड स्नूकरका संचालक खेम बुढाथोकीको अध्यक्षता तथा अन्तर्राष्ट्रिय पदक विजेता श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा व्याडमिन्टन संघ झापाका अध्यक्ष लिङ्देनले साग प्रतियोगितामा पदक जितेर श्रेष्ठले नेपाल र नेपालीको गौरव कायम गर्न सकेकोमा बधाई दिए । कार्यक्रममा बोल्दै सम्मानित श्रेष्ठले स्नूकर खेललाई सरकारले खासै प्राथमिकता नदिएको गुनासो गरे । उनले स्नूकर खेलको विकासको लागि सरकारले पहल गरे यसको पनि भविष्य राम्रो रहेको धारणा राखे।

# प्रेमिकाले धोका दिएको भन्दै आत्मदाहको प्रयास



झापा(प्रस)। झापा दमक घर भएका एक जना पुरुषले मोरङको उर्लाबारीमा आफ्नै शरीरमा आगो लगाएका छन् । आइतबार बिहान ११:४० बजेतिर दमक नगरपालिका-७ का ४० वर्षीय विनोद थापाले शरीरमा पेट्रोल छर्किएर आगो लगाएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले जानकारी दिए।

उनका अनुसार 'प्रेमिकाले धोका दिएको' भन्दै थापाले पेट्रोल छर्किएर लाइटर बाली शरीरमा आगो लगाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। उर्लाबारी नगरपालिका-७ पश्चिम बस स्टेण्डमा रहेको अन्नपूर्ण खाजा घरनजिकै थापाले शरीरमा आगो लगाएको जोशीले बताए।

उक्त खाजा घर दमक-३ की २८ वर्षीया इन्द्र लिम्बूले सञ्चालन गर्दै आएकी छन् । 'दमकबाट उर्लाबारी आएका पुरुषले शरीरमा पेट्रोल छर्किएर आगो लगाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। सोधपुछ गर्दा प्रेमिकाले धोका दिएकाले यस्तो गरेको भनेका छन् । थप कुरा बुझ्ने काम भइरहेको छ,' डीएसपी जोशीले भने।

आगोले जलेर थापा घाइते भएका छन् । अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। कपाल, घाँटी, हातलगायत शरीरका विभिन्न भागमा आगोले पोलेको चोट रहेको प्रहरीले जनाएको छ। घाइते थापाको उर्लाबारीकै अरनिको अस्पतालमा उपचार भइरहेको छ।

थापाले शरीरमा आगो लगाएको जानकारी पाउनसाथ इलाका प्रहरी कार्यालय उर्लाबारीका इन्स्पेक्टर राकेश यादव नेतृत्वको टोलीले आगो निभाएर उद्धार गर्दै घाइतेलाई उपचारका लागि अस्पताल लगेको थियो । घटनाको बारेमा अनुसन्धान सुरु गरिएको डीएसपी जोशीले बताए।

# लागूपदार्थ सेवन गरेर सवारी चलाउने १२ पक्राउ



झापा(प्रस)। लागूपदार्थ सेवन गरेर सार्वजनिक सवारी साधन चलाउने चालकहरु धमाधम पक्राउ पर्न थालेका छन्।

सार्वजनिक बसमा लागूऔषध सेवन गरेर सवारी चलाउनेमाथि निगरानी गर्दै प्रहरीले कडाइ गर्न थालेपछि पक्राउ पर्नेहरुको क्रम बढेको हो । यसक्रममा धरान-८ तीनकुनेमा गरिएको चेकजाँचका क्रममा १२ जना पक्राउ परेका छन् । किटमार्फत् गरिएको परीक्षणमा चालक र सहचालक गरेर १२ जनामा लापसे पोजेटिभ देखिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रमुख एसपी सुमनकुमार तिम्सिनाले जानकारी दिए।

पक्राउ पर्नेहरु निम्न छन्।

(१) को१ख ५५४६ नम्बर गाडीको सहचालक धरान-८ बस्ने ३२ वर्षीय निखिल परियार।

(२) को१ख ७९२३ नम्बर गाडीको सहचालक सोही स्थानका ३२ वर्षीय राजन राई।

(३) प्र.१-०१-००२ ख ०१९९ नम्बर गाडीको चालक धरान-१७ बस्ने ३९ वर्षीय राजकुमार श्रेष्ठ।

(४) मे१ख ३५७७ नम्बर गाडीको सहचालक सोही स्थानका ३२ वर्षीय राजेश दाहाल।

(५) प्र.१-०२-००२ ख ६९९ नम्बर गाडीको चालक धरान-१३ बस्ने २५ वर्षीय जीवन मगर।

(६) ना१ज १३५५ नम्बर गाडीमा सवार धरान-१५ बस्ने २४ वर्षीय आशिष मगर।

(७) ना१ज १३५५ नम्बर गाडीमा सवार सोही स्थानका २० वर्षीया सरिता लिम्बू।

(८) प्र.१-०१-००१ ख ४२०४ नम्बरको गाडीको सहचालक झापा भद्रपुर नगरपालिका ३ बस्ने २१ वर्षीय अनिलकुमार राजवंशी।

(९) मे१ख २५५३ नम्बर गाडीको सहचालक मेचीनगर नगरपालिका १० बस्ने ४५ वर्षीय गणेश ठकुरी।

(१०) मे १ ख २७९१ नम्बर गाडीको सहचालक मेचीनगर-७ बस्ने ३२ वर्षीय सुशिल श्रेष्ठ।

(११) मे १ ख ४०६८ नम्बर गाडीको चालक मेचीनगर-१० बस्ने ४६ वर्षीय दुर्गा तामाङ।

(१२) ना१ज १३५५ नम्बर गाडीको सहचालक सप्तरी राजविराज न.पा. १ बस्ने ३० वर्षीय बरमदेव यादव।

यसअघि गत पुष १८ गते जिल्ला प्रहरी कार्यालय सुनसरी र राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको टोलीले सवारी चेकजाँच गर्दा लागूऔषध सेवन गरी सवारी साधन चलाउने १४ जना चालक र सहचालक पक्राउ परेका थिए।

त्यसअघि गत पुष १२ गते झापाको कमल गाउँपालिकाको केर्खामा लागूपदार्थ सेवन गरी सार्वजनिक सवारी साधन चलाउँदा १४ जना पक्राउ परेका थिए । काँकडभिट्टाबाट धरान तथा बिराटनगर चल्ने सार्वजनिक सवारी साधन अधिकांश चालकहरुले लागूपदार्थ सेवन गरेर चलाउने गरेका छनन्।

# जबर्जस्ती करणी गरेको आरोपमा राई पक्राउ



झापा(प्रस) । १६ वर्षीया किशोरीलाई जबर्जस्ती करणी गरेको आरोपमा ताप्लेजुङ पाथीभरा याङवरक गाउँपालिका-६ थुम्वेदिन बस्ने ५२ वर्षीय कुमार राईलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ।

कुमारले ती किशोरीलाई हल्दिबारी गाउँपालिका-४ स्थित मेची पोल्ट्री फर्मको कोठाभित्र जबरजस्ती करणी गरेको आरोप लागेको हो । किशोरीले दिएको उजुरीको आधारमा प्रहरी चौकी हल्दिबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

# शिवगञ्जमा बारिस्टा ट्रेनिङ

झिलझिले(प्रस) ।शिवसताक्षीको शिवगञ्जमा 'बारिस्टा ट्रेनिङ' अर्थात कफी बनाउन सिकाउने तालिम सम्पन्न भएको छ। यो तालिम ७ दिनका लागि स्थानीय ६ नम्बर वडा कार्यालयले संचालन गरेको हो । वडाको १ लाख रुपैयाँको आर्थिक सहयोगमा 'बारिस्टा ट्रेनिङ' संचालन गरिएको वडा अध्यक्ष मनोज खुलाल कार्कीले बताए।

उनका अनुसार वडामा केही गरौं भन्ने उत्साह बोकेका युवा युवतीलाई ' बारिस्टा ट्रेनिङ' प्रदान गरिएको हो । चन्द्रसूर्य सिप विकास संस्था दमकको प्राविधिक सहयोगमा वडाका २८ युवा युवतीले तालिम प्राप्त गरेका छन्। तालिमका प्रशिक्षक आकाश खड्काले एउटा उच्चस्तरीय मेसिनबाट २० प्रकारका कफी बनाउन सिकाइएको बताए। अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हाल प्रचलित कफीका प्रकार बनाउन सिकाइएको उनले बताए।


खड्काका अनुसार 'बेसिक बारिस्टा कोर्ष' र 'स्पेसालिटी कफी कोर्ष' गरी दुई तवरबाट अध्ययन गराइन्छ। बेसिक बारिष्टा कोर्षमा कफीको इतिहास र वर्तमान अवस्था, स्पेसो वेभरेज बनाउने तरिका, मेसिन संचालन विधि, दूध उमाल्ने तरिका र ग्राहकलाई सर्भिस कसरी दिने भन्ने कुरा सिकाइएको उनले बताए। ' यो सिकाई अवधि २ हप्ताको हुन्छ। तर, बजेट अभावमा एक सातामा यो तालिम सकिएको हो,' उनले भने। उनले तालिममा हाते आर्ट ट्रेनिङ (कफीमा बुट्टा हाल्न) पनि सिकाइएको बताए। कफी मेसिनको इतिहास, कफीका प्रकार, ग्रीण्डर गर्ने तरिका पनि तालिममा सहभागीलाई जानकारी गराएका थिए।

'बारिस्टा ट्रेनिङ' लिएर अध्ययनका लागि विदेश गइसकेका विद्यार्थीहरू ९० प्रतिशत अष्ट्रेलिया, केही युरोप र केहीले यही कफीको व्यवसाय गरेर बसेका छन्।

वडा अध्यक्ष खुलालले सिप सिकेर जुनसुकै कामका लागि विदेश गएपनि दुःख नपाईने बताए। त्यसैका लागि यो तालिम आयोजना गरिएको उनले बताए।

तालिम समापन सत्रका प्रमुख अतिथि नेपाली कांग्रेसका नेता पर्शुराम ढुंगानाले तालिमबाट सिकेको सिपलाई व्यवहारमा उतार्न सहभागीलाई अपिल गरे ।कार्यक्रम जेष्ठ नागरिकको भेटघाट चौतारीको सभाहलमा भएको थियो।

# जनमैत्री सेवा दिने नयाँ प्रजिअ अधिकारीको प्रतिबद्धता



भद्रपुर(प्रस)। झापाका नयाँ प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारीले जनमैत्री प्रशासनका लागि विचौलिया र अनैतिक गतिविधि गर्नेबिरूद्ध निर्मम भएर लाग्ने बताएका छन्।

केही दिन अगाडि सर्लाहीबाट जिल्ला प्रशासन कार्यालय झापाको नेतृत्व सम्हाल्न आइपुगेका प्रजिअ अधिकारीले सरकारी कार्यालय अगाडि बसेर बिचौलियाको भूमिका खेल्नेदेखि सडक अतिक्रमण गर्दै नियमबिपरित व्यापार व्यवसाय गर्ने कार्यले सर्वसाधारणका काममा बाधा पुगेको गुनासो आउने गरेकाले त्यस्ता कार्य रोक्न निर्मम भएर लाग्ने बताएका हुन्।

आफ्नै कार्यकक्षमा झापाली सञ्चारकर्मीसंग संक्षिप्त कुराकानी गर्दै प्रजिअ अधिकारीले खुल्ला सिमानाको फाइदा उठाउँदै हुने गरेका चोरी तस्करी, लागूऔषध कारोवारजस्ता आपराधिक गतिविधि नियन्त्रणका लागि प्रहरी प्रशासन प्रतिबद्ध भएर लाग्नेसमेत बताए। जिल्लाका सुरक्षा निकायका प्रमुखहरू राखेर प्रजिअ अधिकारीले जनमैत्री कामको वातावरण निर्माण गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन्।

उनले प्रशासन कार्यालयमा सेवा लिन आउने सेवाग्राहीले दुःख नपाउने वातावरण बनाउन मातहतका कर्मचारीलाई निर्देशन दिँदै बिचौलियासित साँठगाँठ नगर्न सचेतसमेत गराएका छन्।

जिल्ला प्रशासन कार्यालयको मुख्य प्रवेशद्वारदेखि जिल्ला समन्वय समितिको कार्यालयसम्मको सडकमै खुल्ला व्यापार हुँदा दिउँसोको समयमा सर्वसाधारणलाई आवतजावतमा समस्या छ। कुनै पनि कार्यालयमा काम लिएर आउने सेवाग्राहीलाई सडकमा रहेका बिचौलियाले तानातान गरी बाधा गर्ने गरेको गुनासो सर्वसाधारणको रहेको छ।

# बिर्तामोड महोत्सवको काम अन्तिम चरणमा

झापा(प्रस) । बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक ब्यापार महोत्सवको तयारी अन्तिम चरणमा पुगेको छ । स्टल निर्माणदेखि अन्य प्राविधिक पक्षको काम अन्तिम चरणमा पगेको बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले बताए । महोत्सव यही माघ ८ गतेदेखि १९ गतेसम्म सञ्चालन हुँदैछ । बिर्तामोड महोत्सवको करिव दुई लाखले अवलोकन गर्नेछन् । महोत्सवले बिर्तामोडको मात्र नभई कोशी प्रदेशकै अर्थतन्त्रलाई चलायमान बनाउने अध्यक्ष न्यौपानेको भनाई छ । महोत्सवमा छिमेकी राष्ट्रहरुबाट समेत आएर व्यवसायीले स्टल राख्ने र व्यवसाय प्रवर्द्धनमा समेत टेवा पुग्ने न्यौपानेले बताए ।



बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक ब्यापार महोत्सवमा नेपालकै सबैभन्दा ठूलो ह्याङ्गरको प्रयोग गरिएको छ । बिर्तामोड उद्योग वाणिज्य संघद्वारा बिर्तामोड नगरपालिका ५ धर्मकाटा रोडमा आयोजना गरिएको महोत्सवमा तयार गरिएको ह्याङ्गर २० हजार स्क्वायर फुटको रहेको महोत्सव मूल आयोजक समितिका व्यवस्थापक ललित सिम्खडाले बताए । ह्याङ्गर ३० मिटर चौडाई र ६० मिटर लम्वाईको रहेको व्यवस्थापक सिम्खडाको भनाई छ । ह्याङ्गरभित्र ११८ वटा स्टल रहन सक्ने र यो ह्याङ्गर नेपालकै ठूलो ह्याङ्गर भएको उनको दावी छ ।

महोत्सवमा १५० वटा स्टल रहने छन् । जहाँ सार्कराष्ट्रका व्यवसायीले स्टल राख्ने छन् । स्थानीय क्षेत्रमा रहेका सबैखाले उद्योगहरुलाई समेट्दै व्यवसाय क्षेत्रको प्रवर्द्धनका लागि आयोजना गरिएको महोत्सवमा गाडीदेखि गार्मेन्टसम्मका स्टल रहने सिम्खडाको भनाई छ ।

महोत्सवमा एकैखाले सामग्री धेरैभन्दा पनि धेरै खाले सामग्री एकै ठाउँमा उपलब्ध गराउने लक्ष्य रहेको र उपभोक्ताले सबै सामग्री एकै ठाउँमा प्राप्त गर्न सक्ने उनले बताए। सबैखाले मापदण्ड पूरा गरेर आयोजना गरिएको महोत्सवमा सेल्फी जोनदेखि मूलद्वार आकर्षक कलाकृत्तिमा बन्ने उनको भनाई छ । महोत्सवमा व्यवसाय प्रर्वद्धनसंगै सबैखाले उमेर समूहका मानिसले मनोरञ्जन गर्न सक्ने व्यवस्थापन मिलाइएको उनको भनाई छ । जसका लागि हरेक दिन ट्रेण्डिङ्गमा परेका कलाकारको प्रस्तुति रहने छ भने स्थानीय स्तरका मौलिक पहिचान झल्कने विभिन्न कार्यक्रमको आयोजना गरिने उनले बताए ।

# पूर्व पतिको बामफोक प्रहारबाट महिला घाइते



झापा(प्रस)। पूर्व पतिको बामफोक प्रहारबाट इलाममा एक महिला घाइते भएकी छन् । आइतवार बिहान १० :३० बजे इलाम रोङ गाउँपालिका- ४ भालुझोडा बस्ने प्रदिप लिम्बूकी श्रीमती ३० वर्षीया अमृता लिम्बूलाई उनका पूर्व पति पाँचथर फालेलुङ- १ एकतिन बस्ने दिलकुमार थोक्लेहाङले बामफोक प्रहार गरी घाइते बनाएका हुन् । अमृताका हालका श्रीमान घाँस काट्न बारीमा गएको समयमा पूर्व श्रीमान दिलकुमारले घरमा कोही नभएको बेलामा बामफोक प्रहार गरि घाइते बनाएको प्रहरीले जनाएको छ ।

घाइतेलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड ल्याइएको छ । बामफोक घटनास्थलमा फेला परेपनि बामफोक प्रहार गर्ने दिलकुमार फरार रहेकाले खोजतलास भइरहेको इलाम प्रहरीले जनाएको छ ।






# फोनिजको प्रदेश महाधिवेशनमा पाँच जना सम्मानित




झापा(प्रस) । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को तेस्रो प्रदेश महाधिवेशनमा पाँच जना अग्रज फोनिजकर्मीलाई सम्मान गरिएको छ।

फोनिजको एक नम्बर प्रदेश समितिले उनीहरुलाई सम्मान गरेको हो।सम्मानित हुनेमा फोनिज (तत्कालीन अनिज) का संस्थापक सदस्य दिलेन्द्र कुरुम्बाङ, पूर्व संघीय उपाध्यक्षद्वय भैरव आङला र दिपीन राई, एक नम्बर प्रदेशका पूर्व प्रदेश अध्यक्ष तथा हाल संघीय अनुशासन आयोग संयोजक अर्जुन जम्नेली राई र प्रदेश सल्लाहकार निलिफा सुब्बा रहेका छन् ।त्यस्तै फोनिजलाई सहयोग गर्ने बुद्धभूषण योञ्जनसमेत सम्मानित भएका छन् ।


फोनिजको तेस्रो प्रदेश महाधिवेशन पाँचथर सदरमुकाम फिदिममा सुरु भएको हो।फिदिमस्थित जिल्ला समन्वय समितिको सभाहलमा महाधिवेशनको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि प्रदेशसभा सदस्य कमलप्रसाद जबेगूले गरेका थिए । तेस्रो प्रदेश महाधिवेशनको सन्दर्भ पारेर प्रकाशित गरिएको फोनिज प्रदेश-१ को मुखपत्र 'अग्रगामी कदम'को विमोचनसमेत भएको छ। मुखपत्रमा फोनिज प्रदेश-१ का गतिविधि मात्र नभएर पहिचान र पत्रकारिताका विविध आयामबारेका विचारोत्तेजक सामग्रीहरु समेटिएको सम्पादक सन्देश सुब्बाले बताए । महाधिवेशनको बन्दसत्र आइतबार सुरु भएको छाजारी अधिवेशनले नयाँ कार्यसमिति चयन गर्ने बताइएको छ।

# सोफा हवको आठौं शाखा बिर्तामोडमा खुल्यो

बिर्तामोड(प्रस)। देशकै चर्चित सोफा तथा फर्निचर निर्माता सोफा हवले आफ्नो आठौं शाखा बिर्तामोडमा सञ्चालनमा ल्याएको छ। भद्रपुर रोडस्थित नयाँ शाखाको राष्ट्र, राष्ट्रियता ,धर्म संस्कृति, नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईले आइतवार उद्घाटन गरेका छन्।

उद्घाटन कार्यक्रममा अभियानका संयोजक प्रसाईले नेपालमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन्। उनले सोफा हवले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै रोजगारी सिर्जना गरेकोमा प्रशंसा गर्दै भने, "सोफा हवजस्तो स्वदेशी उद्योगले गुणस्तरीय उत्पादनमार्फत नेपाली उपभोक्ताको आवश्यकताहरू पूरा गरिरहेको छ। यस्ता उद्योगहरूको विकासले देशको आर्थिक समृद्धिमा टेवा पुर्याउँछ। हामीले स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नुपर्छ र आयातमा निर्भरता घटाउनुपर्छ।"

तीनतले सोरुममा उच्च गुणस्तरका फर्निचर तथा सोफाहरु प्रदर्शनमा राखिएका छन्। न्यूनतम १० हजार रुपैयाँदेखि अधिकतम १ लाख रुपैयाँसम्मका सोफा उपलब्ध रहेको छ। कम्पनीले १० वर्षको



वारेन्टी, ५० किलोमिटरभित्र निःशुल्क डेलिभरी र पुरानो सोफाको सट्टापट्टाजस्ता आकर्षक सुविधाहरु प्रदान गर्दै आएको छ। काठमाडौं, चितवन, पोखरा र नेपालगञ्जमा शाखा स्थापना गरिसकेको सोफा हवले आफ्नै उद्योगबाट उत्पादन गरी सुलभ मूल्यमा बजारमा उपलब्ध गराउँदै आएको जनाएको छ। कम्पनीका अनुसार कम लागत र कम नाफा तर धेरै बिक्रीको रणनीतिले नेपालभरि ग्राहकहरूको मन जित्न सफल भएको हो ।कम्पनीले १६८ जनालाई प्रत्यक्ष र हजारभन्दा बढीलाई अप्रत्यक्ष रोजगारी प्रदान गरिरहेको जनाएको छ। सोफा हवका प्रवन्धक तारालाल धरेलले गुणस्तरीय उत्पादन र उत्कृष्ट सेवाको कारणले सोफा हव उपभोक्ताको पहिलो रोजाइ बन्न सफल भएको बताए।

बिर्तामोड शाखा खोलेसँगै झापाका उपभोक्ताहरुलाई उच्चस्तरीय सेवा प्रदान गरी आवश्यकता पूरा गर्ने अपेक्षा राखेको छ। कम्पनीले आगामी दिनमा अन्य क्षेत्रहरूमा समेत आफ्नो सेवा विस्तार गर्ने योजना बनाएको छ।

# साना किसानको स्वास्थ्य शिविरमा ११३ जना लाभान्वित

भद्रपुर(प्रस) । साना किसान कृषि सहकारी संस्था लिमिटेड भद्रपुरको आयोजना तथा एञ्जल फाउण्डेसन उर्लावारीको संयोजना सम्पन्न एक दिने स्वास्थ्य शिविरमा ११३ जनाले सेवा लिएका छन् । पायल्स, फिष्टुला, फिसर तथा गुप्त रोगलक्षित निःशुल्क स्वास्थ्य शिविरमा सवैभन्दा धैरै पायल्सका ६५ जना विरामी भेटिएका छन् । ३३ जना जटिल प्रकृयाका विरामी भएकाले अप्रेसनका लागि भर्ना गरिएको आयोजकले जनाएको छ । संस्थाकी अध्यक्ष देवीमाया अधिकारीको अध्यक्षता तथा भद्रपुर नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न उद्घाटन सत्रमा नेप्सकुनका महासचिव घनश्याम अधिकारी, वीरेन्द्र माविका व्यवस्थापन समितिका अध्यक्ष असारू राजवंशीलगायतले शुभकामना मन्तव्य राखेका थिए । शिविरमा एञ्जल फाउण्डेसनका डा. टिकाराम अर्यालको नेतृत्वमा आएको विशेषज्ञ टोलीले स्वास्थ्य उपचार गरेको थियो ।

# वैदिकको स्थापना दिवसमा २४ जनाले गरे रक्तदान

भद्रपुर(प्रस) । स्थापनाको १४ औं वर्ष प्रवेशको अवसर पारेर वैदिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड भद्रपुर १० ले विविध कार्यक्रम सम्पन्न गरेको छ । सहकारी स्थापनाको अवसरमा सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदान तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न गरिएको हो ।

संस्थाका लेखा संयोजक मुरारी न्यौपानेले रगत दिएर उद्घाटन गरिएको रक्तदान कार्यक्रममा ३ महिलासहित २४ जनाले रक्तदान गरेका थिए । त्यस्तै जेष्ठ नागरिक सम्मानबाट भद्रपुर १० का १०२ वर्षीय देवराज खतिवडालाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष प्रकाश निरौलाको अध्यक्षता तथा १०२ वर्षीय अभिभावक देवराज खतिवडाको प्रमुख आतिथ्यमा सम्पन्न उद्घाटन कार्यक्रमको स्वागत उपाध्यक्ष डिल्लीराम अधिकारीले गरेका थिए भने सञ्चालन सचिव विदुर ढुंगानाको रहेको थियो । रक्तदान कार्यक्रम रेडक्रस सोसाइटी झापाको प्राविधिक सहयोगमा भएको थियो ।

# साढे चार लाख बढीको नगद र गरगहना चोरी



झापा(प्रस)। झापाको हल्दिवारीमा दिनदहाडै साढे चार लाखभन्दा बढीको नगद र गरगहना चोरी भएको छ ।

हल्दिवारी -२ काजली चोक बस्ने एकल महिला तिलकुमारी सुवेदीको घरको पछाडीपट्टिको झ्याल फोडी चोरी भएको हो ।सुवेदी बिगत २०-२२ दिन अगाडी मोरङतर्फ गएको र घरमा कोही नभएको अवस्थामा घरभित्र रहेको नगद १५ हजार , सुनको सिक्री १ तोला, बेरुवा औठी १ तोला, चुरा १ तोला गरी जम्मा ३ तोलासमेत गरी जम्मा ४ लाख ६५ हजारबराबरको चोरी भएको प्रहरीले जनाएको छ ।

शनिवार बिहान १० बजे स्थानीय मानभक्त लिम्बूले चोरीको घटनाबारे प्रहरी चौकी हल्दीबारीमा जानकारी गराएका थिए । चोरी गर्ने ब्यक्तिको पहिचान तथा खोजतलास गर्ने कार्य भइरहेको प्रहरीले जनाएको छ ।


## कर्मचारीको आवश्यकता सम्बन्धी सूचना

यस देउराली बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-१ झापाको लागि देहाय बोमजिमको पदहरुमा कर्मचारी आवश्यक परेकोले इच्छुक नेपाली नागरिकहरुद्वारा निबेदन आव्हान गरिएको छ।

**(क) पद:कार्यालय सहायक**
संख्याः१ जना
न्यूनतम शैक्षिक योग्यताः+२ वा सो सरह उत्तीर्ण
तलबःसंस्थाको नियम बमोजिम अथवा आपसी समझदारीमा

**(ख) पदः फिल्ड निरीक्षक**
आवश्यक संख्याः१० जना
न्यूनतम शैक्षिक योग्यताः दश कक्षा उत्तीर्ण वा सो सरह
तलबःसंस्थाको नियम बमोजिम अथवा आपसी समझदारीमा

सबै पदहरुको लागि आवश्यक कागजातहरु निवेदन-१ प्रति,आफ्नो नेपाली नागरिकताको फोटोकपी -१ प्रति,शैक्षिक योग्यताको फोटोकपी-१ प्रति,साथै पासपोर्ट साइजको फोटो दुई प्रति
दरखास्त दिने अन्तिम मितिः२०८१-१०-१४ गते
दरखास्त पेश गर्ने स्थानः संस्थाको कार्यालय, होटल बिनायकको छेउ उत्तरपट्टि अधुवा खोला,बिर्तामोड

दरखास्त बुझाउने समयः१२ बजेदेखि २ बजेसम्म कार्यालय खोलेको दिन
छनौट प्रकृयाःमौखिक अन्तर्वार्ता
छनौट गरिने मितिः२०८१-१०-१६ गते
**थप जानकारीको लागि संस्थाको कार्यालय वा फोन न.९७०६८६९५९७ मा सम्पर्क गर्नुहोला ।**

**देउराली बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड-१ झापा







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

## सडक सुरक्षामा नयाँ चुनौती

**सार्वजनिक सवारी साधन चलाउने अधिकांश चालकहरु लागूपदार्थ सेवन गर्छन् । सार्वजनिक बसमा लागूऔषध सेवन गरेर सवारी चलाउनेमाथि निगरानी गर्दै प्रहरीले चेकजाँच गर्दा सो पत्ता लागेको हो । यसक्रममा धरान–८ तीनकुनेमा गरिएको चेकजाँचका क्रममा १२ जना पक्राउ परेका छन् । किटमार्फत् गरिएको परीक्षणमा चालक र सहचालक गरेर १२ जनामा लापसे पोजेटिभ देखिएको हो ।**

**यसअघि गत पुष १८ गते जिल्ला प्रहरी कार्यालय सुनसरी र राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको टोलीले सवारी चेकजाँच गर्दा लागूऔषध सेवन गरी सवारी साधन चलाउने १४ जना चालक र सहचालक पक्राउ परेका थिए ।**

**त्यसअघि गत पुष १२ गते झापाको कमल गाउँपालिकाको केर्खामा लागूपदार्थ सेवन गरी सार्वजनिक सवारी साधन चलाउँदा १४ जना पक्राउ परेका थिए । काँकडभिट्टाबाट धरान तथा बिराटनगर चल्ने सार्वजनिक सवारी साधन अधिकांश चालकहरुले लागूपदार्थ सेवन गरेर चलाउने गरेका छनन् ।**

**मादक पदार्थ सेवन (मापसे) जाँचमा ट्राफिक प्रहरीले कडाइ गरेपछि पछिल्लो समयमा चालकले लागूपदार्थ सेवन (लापसे) गरेर सवारी हाँक्न थालेको पाइएको हो । क्षमताभन्दा बढी यात्रु बोक्ने, तीव्र गतिमा सवारी चलाउने, विना हेलमेट र तीनजना सवार भएर मोटरसाइकल/स्कूटर चलाउने प्रवृत्ति पनि बढेको छ । यो प्रवृत्तिलाई निरुत्साहित गर्न राजमार्ग तथा अन्य सहायक मार्गमा सवारी जाँचमा कडाइ गरिएको छ ।**

**लापसे गरेका चालकलाई ठाउँको ठाउँ जाँच गरेर कारबाही गर्दै आएको छ । लागूपदार्थ सेवन गरे/नगरेको पत्ता लगाउन ठाउँको ठाउँ पिसाब जाँच गर्ने गरिएको छ । आर्थिक वर्ष २०८०/०८१ मा काठमाडौं उपत्यकाका उपत्यकाका ३ बाहेक बागमती प्रदेशका १० जिल्लामा २८ हजार २०२ सवारी चालक कारबाहीमा परेका थिए । ट्राफिक प्रहरीले कारबाहीबापत १७ करोड ७८ लाख १७ हजार राजस्व संकलन गरेको थियो ।**

**उक्त अवधिमा १ हजार ५३६ वटा सवारी दुर्घटना भएको थियो । दुर्घटनामा परी ३१५ जनाको मृत्यु भयो । ३ हजार १९९ जना घाइते भए ।**

**आर्थिक वर्ष २०७९/०८० मा १ हजार ३६२ वटा दुर्घटना भएको प्रहरीको तथ्यांक छ । दुर्घटनामा ३०४ जनाको मृत्यु भएको थियो ।**

**उक्त अवधिमा ट्राफिक प्रहरीले २ लाख ९१ हजार २९३ सवारीमाथि कारबाही गरेको थियो । कारबाहीबाट २६ करोड ३६ लाख ८३ हजार ५ सय राजस्व संकलन भएको थियो ।**

**यो आर्थिक वर्षको मंसिरसम्ममा ९२२ वटा दुर्घटना भएका छन् । दुर्घटनामा तीव्र गति तथा चालकको लापरवाही प्रमुख कारण रहँदै आएको छ ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संविधान संशोधनमा गम्भीरता



• रामनारायण विडारी

संविधान संशोधनका विषय उठेका छन् । यो स्वाभाविक पनि हो । संविधान जारी भएको १० वर्ष हुन लागेको छ । संविधानमा भएका आयोगहरूको पुनर्मूल्याङ्कन गर्ने बेला आएको छ । संविधानको राज्यका निर्देशक सिद्धान्तका बारेमा पनि संसदीय समितिले खास काम गरेको पाइँदैन । धारा ५४ मा यो व्यवस्था भए पनि यसलाई संसद्बाट प्रभावकारी अनुगमन भएको देखिँदैन । यसैगरी संविधानमा व्यवस्था गरिएका संवैधानिक आयोगको पुनरावलोकनबारे संविधानको धारा २६५ ले व्यवस्था पनि गरेको छ । यसलाई पनि संघीय संसद्ले खासै चासो राखेको पाइँदैन । धारा २९४ अनुसार संवैधानिक अङ्गको कामकारबाहीको प्रतिवेदनलाई केलाएर हेर्ने काम पनि संघीय संसद्को हो । यो काममा पनि खास ध्यान दिएको पाइँदैन । धारा २९३ बमोजिम संवैधानिक निकाय संघीय संसद्प्रति उत्तरदायी हुने व्यवस्था गरिएको छ ।

प्रतिनिधि सभाको समितिले संवैधानिक निकायको काम कारबाहीउपर अनुगमन र मूल्याङ्कन गर्नुपर्ने दायित्व छ । निर्देशनसमेत दिन सक्ने व्यवस्था गरिएको छ । यी कुनै काम पनि संघीय संसद्ले गम्भीर रूपमा लिएको छैन । सांसद कार्यपालिकाको चाकडी गर्ने वा कार्यपालिकामा सहभागी हुने खेलमा चेसको गोटी जस्तो मात्र भएका छन् वा बनाइएका छन् । माथि उल्लेख गरिएका संघीय संसद्को काम व्यापक छ । देशको सबै संवैधानिक निकायको कामको रेखदेख अनुगमन मूल्याङ्कन गर्ने काम गहिरोसँग गर्ने हो भने सांसदलाई फुर्सद पनि हुँदैन र संवैधानिक निकाय पनि सक्रिय र पारदर्शी हुन्छन् । यो काम किन गरिएको छैन । दलले रोकेर वा सांसदले नबुझेर वा सरकार र आयोगसँग डराएर ? के कारणले होला भन्ने जिज्ञासा आमसंवैधानिक जानकारको चासोको विषय बनेको छ ।

कुन आयोग कायम राख्नु पर्छ वा कुन आयोग खारेज गरे पनि हुन्छ ? यो निर्क्योल गर्ने काम पनि संघीय संसद्को प्रतिवेदनबाट हुन्छ । खै, यो काममा संघीय संसद्को सभामुख एवं अध्यक्षको समेत ध्यान गएको पाइँदैन । संसद् त दलको खेताला जस्तो मात्र हुन जाला भन्ने डर लाग्न थालेको छ । कानुन बनाउने कार्य संसद्को एकलौटी कार्य हो । यस बारेमा धेरै ठाउँमा सविस्तार व्याख्या भइसकेको छ ।

यो संविधानको मुख्य विशेषतामध्ये संसदीय सुनुवाइ र महाभियोगको पनि हो । यो दुवै कार्य संसद्को अन्तर्निहित कार्य हो । यसलाई बिस्तारै प्रहार हुन थालेको छ । यी दुवै कार्यको विरोधमा सोझै वा घुमाएर विरोध भइरहेको छ । संसदीय सुनुवाइ भनेको राज्यका ठुला पदाधिकारीलाई जनताप्रति उत्तरदायी बनाउने एक सशक्त माध्यम हो । हाल न्यायाधीश रिफ्राउन नेपाल बारले पनि न्यायाधीशको संसदीय सुनुवाइ हटाउनु पर्छ भन्न थालेको छ । उच्च अदालतका न्यायाधीश र जिल्ला अदालतका न्यायाधीशलाई न्याय परिषद्ले अनुशासनसम्बन्धी कारबाही गर्न सक्छ ।

सर्वोच्च अदालतका न्यायाधीशलाई भने कारबाही गर्ने कुनै पनि निकाय छैन । संसदीय सुनुवाइमा पनि जान नपरे हुने भन्ने न्यायाधीशको इच्छा हुनु स्वाभाविक छ । पेसागत सङ्गठनले भने यस्तो माग राख्नु उपयुक्त हुँदैन । न्यायाधीश हुने मानिस अन्य ग्रहबाट आएका मानिस होइनन्, हाम्रै समाजका व्यक्ति हुन् । उनीहरू पनि गल्ती गरेका हुन्छन् वा गर्छन् । गल्ती गरेकालाई न्यायाधीश बनाउन हुँदैन भन्नेमा सबै एक मत छन् तर तिनका गल्ती कसले केलाउने ? सार्वजनिक सुनुवाइ गर्ने कुरा गैरजिम्मेवार हुन्छ । सरोकारवाला कोहीप्रति उत्तरदायी हुँदैनन् ।

संसदीय सुनुवाइ भनेको जिम्मेवार संसद्बाट गर्ने सुनुवाइ हो । संविधानले नै संसद्लाई विभिन्न राज्यका निकायको मूल्याङ्कन गर्ने जिम्मा दिएको छ । न्यायपालिकाको काममा हस्तक्षेप पो गर्न नपाउने हो त न्यायपालिकालाई चाहिने कानुन र न्यायापालिकालाई चाहिने बजेट दिने संसद्ले हो । न्यायाधीश नियुक्तिमा सिफारिस न्यायपरिषद् बाट भएपछि उनको बारेमा सुनुवाइ गर्ने अधिकार जनप्रतिनिधिलाई हुनु स्वाभाविक हो । सुनुवाइ प्रभावकारी भएन भन्ने हो भने यसलाई प्रभावकारी बनाउनु पर्ने दायित्व संघीय संसद्को हो । सुनुवाइ प्रभावकारी मर्यादित बनाउनु पर्ने कर्तव्य संसद्को हो । संसदीय व्यवस्थामा सुनुवाइ मिलेन भन्ने पनि कुरा आउँछ । नेपालको संविधान आधारभूतमा संसदीय प्रणाली भए पनि यो संविधान सभाबाट बनाएको सुधारिएको संसदीय प्रणाली हो भन्ने बिर्सन हुँदैन ।

यसैगरी महाभियोग पनि यो संविधानको विशेषता हो । सर्वोच्च अदालतका न्यायाधीशलाई कारबाही कसैले पनि गर्न सक्दैन । कुनै पनि अभियोग लाग्दैन । यसै गरी संवैधानिक पदाधिकारीलाई पनि पदमा बहालमा छँदासम्म अभियोग लाग्न नसक्ने भएकाले संसद्लाई विशेष अधिकार दिएर महाभियोगको व्यवस्था गरी निजहरू उपर महाभियोग लाग्न सक्ने व्यवस्था गरी शक्ति सन्तुलनको अभ्यास गरिएको हो । यसका केही मान्य सिद्धान्त छन् ।

यो न्यापालिकालाई सन्तुलनमा राख्ने व्यवस्थापिकाको अन्तिम अस्त्र हो । यो अस्त्र प्रयोग अन्तिम अवस्था आइपरेमा मात्र गरिन्छ । अमेरिकामा यो अस्त्र १० जना न्यायाधीशमा मात्र प्रयोग भएको छ । जबकि अमेरिकी संविधान जारी भएको २३५ वर्ष भइसकेको छ । २०१० सन्मा अमेरिकी संघीय सर्वोच्च अदालतको न्यायाधीमाथि पनि महाभियोग लाग्यो । यसको मतलब यो अस्त्र सितिमिति चलाउने होइन । यो शक्ति सन्तुलनको सिद्धान्तमा आधारित छ । अमेरिकी सङ्घीय सर्वोच्च अदालतले महाभियोगका बारेमा व्याख्या गर्दै भनेको छ यो राजनीतिक प्रश्नको सिद्धान्त (डक्ट्रिन अफ पोलिटिकल कोइश्चन) हो भन्दै यसको न्यायिक पुनरावलोकन हुन सक्दैन भनी व्याख्या गरेको छ । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार न्यायालयमाथि विधायिकाले शक्ति सन्तुलनका लागि प्रयोग गर्ने एक प्रमुख हतियारका रूपमा रहेको महाअभियोगउपर पुनरावलोकन हुन नसक्ने व्याख्या गरेको छ ।

अमेरिका, बेलायत र भारतमा समेत महाभियोगलाई अदालतले रोकेको अभ्यास छैन । केही उदाहरण हेरौँ । सन् २०१० मा फिलिपिन्सको प्रधान न्यायाधीश कोरोनालाई सिनेटले महाभियोगको कारबाही सुरु गर्दा उनले सर्वोच्च अदालतमा अन्तरिम आदेशसहितको माग गरी रिट दिएका थिए । संसद्ले महाभियोग संसद्को अधिकार हो, न्यायालयले रोक्न नमिल्ने भनी अदालतको आदेश नमान्ने घोषणा गर्दै महाभियोग लगायो ।

सन् २०१३ मा श्रीलङ्काको महिला प्रधान न्यायाधीश वन्दरानाइकेलाई संसद्ले महाभियोगको सुरु गऱ्यो । उनले उच्च अदालतमा रिट दायर गरिन् । अदालतले प्रक्रिया रोक्न आदेश गऱ्यो । सर्वोच्च अदालतले पनि महाभियोग असंवैधानिक भन्यो । संसद्ले यो संसद् को अन्तर्निहित अधिकार हो अदालतको अनुचित हस्तक्षेप भयो भनी महाभियोग पारित गरि दियो ।

परिपक्व लोकतन्त्र भनिएका मुलुकमा न्यायाधीशमाथि सुरु गरिएको महाभियोग प्रक्रियामाथि न्यायिक हस्तक्षेप भएको पाइँदैन । अमेरिकालाई यसको उदाहरणका रूपमा लिन सकिन्छ । न्याययोग्य विषयभित्र नपर्ने भनिन्छ ।

महाभियोगको न्यायिक पुनरवलोकन हुनका लागि संविधानमा नै लेखिएको हुनु पर्छ । उदाहरणका लागि दक्षिण कोरिया र ब्राजिललगायतका केही देशमा संसद्ले लगाएको महाभियोग संवैधानिक अदालतले सदर गर्नु पर्ने व्यवस्था छ । कोरियाका राष्ट्रपतिलाई सदनले लगाएको महाभियोग अदालतले सदर गरेपछि पदमुक्त भएको थियो । संसद्को अधिकारलाई न्यायपालिकाले हस्तक्षेप गरेपछि न्यायालयको सर्वोच्चता हुन पुग्छ । हाम्रो व्यवस्था (संविधान) संवैधानिक सर्वोच्चता हो । संविधान अन्तर्गत सर्वोच्च अदालत रहन्छ । तसर्थ संसद्को काममा न्यायालयले हस्तक्षेप गर्न हुँदैन । यो खतराको विषय हो ।

नेपालमा प्रधानन्यायाधीश सुशीला कार्कीलाई महाभियोग दर्ता गरेपछि न्यायाधीश चोलेन्द्रशमशेर राणाबाट महाभियोगमा संसदीय कार्यमा हस्तक्षेप भएको थियो । यस्तै कारणले गर्दा संविधान संशोधनका विषयको कुरा उठ्न थालेको छ । पदमा बस्नेले संविधान मिच्छन् तर संविधान जोगाउने कार्य व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाका नेतृत्वमा भर पर्छ । भारतमा ७५ वर्ष र अमेरिकामा दुई सय ३५ वर्षसम्म एउटै संविधान छ । नेपालमा सात वटा संविधान आइसक्यो ७६ वर्षभित्रमा । विचार गरौं ।

# क्यालिफोर्नियाको डढेलो, विश्वलाई पाठ



• डा. ऋषि बस्ताकोटी

नयाँ वर्ष २०२५ सँगै दक्षिणी क्यालिफोर्नियाको जंगलमा डढेलो देखा पऱ्यो। अत्यधिक सुक्खा र प्रज्ज्वलनशील पदार्थ भएको ठाउँमा आगलागी सामान्य कुरा हो। यद्यपि यस वर्ष खडेरीसँगै एक सय माइल र प्रतिघण्टाको गतिमा आएको सान्टा आना नामको आँधीले गर्दा डढेलो नियन्त्रणबाहिर गयो र ठूलै भयावह सिर्जना गऱ्यो। दक्षिणी क्यालिफोर्नियाका २३ भन्दा बढी स्थानमा लागेको आगोले हजारौं एकड जंगल जलेको छ। जनवरी १४ सम्मको आँकडाअनुसार यसले कम्तीमा २५ जनाको ज्यान लिएको छ। दुई लाखभन्दा बढी मानिस विस्थापित भएका छन् भने झन्डै १५ हजार संरचनाहरू ध्वस्त भएका छन्।

धनजन र पर्यावरणीय क्षतिको यकिन आकलन हुन त बाँकी नै छ। प्रकोपको पूर्वतयारी र व्यवस्थापनमा अमेरिका सामान्यतः तुलनात्मक रूपमा मजबुद देखिन्थ्यो तर यस पटकको डढेलोसँग लड्ने संयन्त्र भने उसको उति प्रभावकारी देखिएन भन्ने जनगुनासो प्रशस्त आइरहेको छ। आगोका लप्कासँगै डढेलोको धुवाँ त क्यालिफोर्नियाको आकाशमा मडारिएको छ। यसले ल्याएको तरंग भने विश्वभर झन् गतिवान् भएर फैलिएको छ। यसले भविष्यमा जहाँ पनि आइलाग्न सक्ने डढेलोको प्रकोपबाट कसरी जोगिने भन्ने बहसको ढोका खोलेको छ। दक्षिणी क्यालिफोर्नियाको यो डढेलोपछिको सिकाइ के हो ? डढेलो नियन्त्रणमा कहाँ के कमजोरी भयो ? पूर्वतयारी कस्तो हुनुपर्थ्यो ?

सरकारको दायित्व के हुनुपर्छ ? भोलि यस्तै डढेलो अन्यत्र पनि लाग्यो भने कसरी जुध्ने ? आदि अनेक विषयमा तरंगहरू छोडेको छ।

**डढेलोको मूल कारण : जलवायु परिवर्तन र कमजोर व्यवस्थापन**

क्यालिफोर्निया डढेलोको हिसाबले जोखिमयुक्त स्थान नै मानिन्छ। यहाँसम्म कि क्यालिफोर्नियामा निश्चित क्षेत्रतिर त वर्षैभरि 'आगलागीको मौसम' भनेर सजग रहनु आवश्यक छ। यद्यपि यति विनाशक डढेलोको कारण चाहिँ के होला भन्ने विषयमा मतैक्यता भेटिँदैन। धेरैजसो विज्ञहरूको विश्लेषणमा जलवायु परिवर्तन र अवैज्ञानिक भू-उपयोग प्रणाली र स्रोतको कमजोर व्यवस्थापन नै क्यालिफोर्नियाको यो डढेलोको मूल कारण हो भन्ने छ। तापक्रमको वृद्धि, लामो खडेरी, हराउँदै गएको वर्षाका कारणले क्यालिफोर्नियाका जंगलहरू डढेलोको बढ्दो जोखिममा छन्। जसै तापक्रम बढ्छ, वनस्पतिहरू सुक्दै जान्छन् र ती आगोका लागि प्रज्ज्वलनशील ऊर्जा बन्छन्। जब जब खडेरी लम्बिँदै जान्छ, तब तब आगोको जोखिम बढ्दै जान्छ। यो कुरा क्यालिफोर्नियाले भोग्दै आएको छ

न्युयोर्क टाइम्सले क्यालिफोर्नियाको डढेलो व्यवस्थापनसम्बन्धी तथ्य सार्वजनिक गरेको छ। त्यहाँ डढेलो दबाउने जुन रणनीति लिइयो, त्यसले जंगलमा उल्टै ढलेपडेका, सुकेका, प्रज्वलनशील वनस्पति बढाइदियो। नियन्त्रित अग्नि व्यवस्थापन (कन्ट्रोल फायर) र अन्य वन व्यवस्थानका तरिका अवलम्बन गरी तिनलाई हटाएको भए डढेलोको जोखिम धेरै हदसम्म कम गर्न सकिने थियो। यसो नहुँदा सुकेका अव्यवस्थित वनस्पति नै डढेलोका लागि 'टाइम बम' सरह बन्न पुगे। वन डढेलोको जोखिम नहोस् भनेर वन व्यवस्थापकहरूले सुक्खा रुखपातहरू र अन्य अत्यधिक सजिलै सल्किने ठुटा, मुढा, घसेटाहरू जम्मा गरी जानाजानी लगाएका निर्धारित आगोहरू लगाउने (कन्ट्रोल फायर) प्रविधि रहेको छ।

डढेलोको उच्च जोखिम भएको क्षेत्रमा सहरको विस्तार गरिनुलाई पनि वर्तमान संकटको एक मुख्य कारकको रूपमा हेरिएको छ। दक्षिणी क्यालिफोर्नियाका बस्तीहरूमा जहाँ जहाँ यस पटकको डढेलोले क्षति पुऱ्यायो, ती ठाउँहरू मानव बसोबासका लागि के साँच्चै उपयुक्त थिए त ? गम्भीर प्रश्न उब्जेको छ। यसपटक त्यहाँको डढेलोमा घनाजंगल मात्र जलेनन्, जंगलसँगै जोडिएका महँगा बस्तीहरू पनि क्षणभरमै खरानी भए। अहिले मात्र होइन, अध्ययनहरूले देखाएअनुसार क्यालिफोर्नियाका ९५-९७ प्रतिशत डढेलो जंगल नजिकको सहरहरूमा बसोबास गर्ने मानिसका क्रियाकलापले गर्दा हुने गरेका छन्। क्यालिफोर्नियामा सन् १९९० देखि २०२१ का बीचमा मात्र पनि १० लाखभन्दा बढी घरहरू जंगल नजिक सहर विस्तार गर्ने क्रममा बनो। ती सबै डढेलोको जोखिममा छन्। यसरी जंगलसँगै मानव बस्ती विस्तार गर्दै जाँदा आगोको जोखिम झन्झन् बढेको छ। तथ्यांकका अनुसार २० विध्वंशात्मक डढेलोमध्ये १५ वटा जति त पछिल्ला पाँच सात वर्षमा भोग्नु परेको छ। जोखिमको पूर्वानुमान नगरी या बल मिच्याइँ गरी मानवबस्ती विस्तार गर्नु र महँगा संरचना निर्माण गर्नुलाई पनि यो जोखिम र क्षतिको कारणको रूपमा हेरिएको छ।

क्यालिफोर्निया डढेलोको असर

क्यलिफोर्नियाको यो डढेलो इतिहासमा आइलागेको एउटा भयानक विपद् हो। यसबाट हजारौं एकड जंगल जलेको छ। बस्तीमा आगो पसेपछि हजारौं घर र संरचना खरानी भएका छन्। अकल्पनीय किसिमले मानवीय क्षति भएको छ। २५ जनाको मृत्यु भइसकेको मात्र छैन दर्जनौं मानिस सम्पर्कविहीन भएको सूचना बाहिरिएको छ। लाखौं मानिस विस्थापित भएका छन्। एक प्रकारले हाहाकार मच्चिएको छ। गाँस, बासको संकट, घाइतेहरूको उपचारको अभाव, मानिसहरूमा दीर्घकालीन मनोसामाजिक असर टड्कारो रूपमा देखिएको छ। खानेपानी, यातायात, स्कुल आदि संरचनाहरू ध्वस्त भएका छन्। द गार्जियनको हालसालैको टिप्पणीअनुसार २०० बिलियनभन्दा बढीको आर्थिक क्षति आंकलन गरिएको छ।

आर्थिक रूपमा विपन्न, अमेरिकी मूलप्रवाहबाहेक अन्य वर्णका समुदाय, वृद्ध, महिला र केटाकेटीहरू त्यसमा पनि तुलनात्मक रूपमा बढी जोखिममा परेका छन्। धुवाँका कारण सिर्जित वायु प्रदूषण र त्यसको असर त ठूलै समस्याको रूपमा छँदैछ। जनजीवन ठप्प हुनु र असीमित आर्थिक क्षति पुग्नु त्यसबाट उठ्न र पुनर्निर्माणको व्ययभार पनि कम छैन। डढेलोमा घर र व्यवसाय गुमाएकाहरू अब यही महँगो र आगोको जोखिम भएको ठाउँमा बस्न सकिएला या नसकिएलाको मनस्थितिमा पुगेका छन्। जैविक विविधताको ह्रास र परिस्थितीय सन्तुलनमा पुगेको असर डढेलोले पुऱ्याएको क्षतिको अर्को पाटो हो जुन आकलन हुनै बाँकी छ।

**अबको बाटो र विश्वलाई पाठ**

डढेलोलाई सकेसम्म नियन्त्रणमा लिनु, उद्धारमा लागिपर्नु, थप मानवीय क्षति हुन नदिनु र पुनर्स्थापनामा जुट्नु तत्कालका लागि स्थानीय हिसाबले दक्षिणी क्यालिफोर्नियाको प्राथमिकता हो। अमेरिकाको क्यालिफोर्नियामा परेको संकटमा मानवीय र भाइचाराको हिसाबले ऐक्यबद्धता जनाउनु र सकेको सहयोग गर्नु विश्व समुदायको कर्तव्य हो। यसका अतिरिक्त क्यालिफोर्नियाको डढेलो विश्वका लागि अझ भनौं नेपालजस्तो जलवायु परिवर्तन र मौसमी प्रकोपका असर बारम्बार भोगिरहेका र पूर्वतयारीमा ध्यान पुऱ्याउन नसकेका राष्ट्रहरूका लागि महत्वपूर्ण शिक्षा हो। यस पटकको क्यालिफोर्नियाको डढेलोबाट सिक्न पर्ने महत्वपूर्ण सिकाइहरू यस प्रकार छन् :-

जलवायु परिवर्तन र अनुकूलन रणनीति : क्यालिफोर्नियाको डढेलो जलवायु परिवर्तनको बढ्दो असरको एक ज्वलन्त उदाहरण हो। नेपाल यसै पनि बदलिँदो मौसमी प्रक्रिया, बढ्दो तापमान र बारम्बार आइरहने प्राकृतिक प्रकोपबाट प्रभावित छँदैछ। विषम खालको मौसम, पग्लिँदै गएका हिमनदीहरू, मनसुनको घनघोर वर्षाको प्रकृति हेर्दा नेपालमा बाढी र आगलागीको जोखिम बढ्न थालेको महसुस हुन्छ। जलवायु परिवर्तनका असरबाट जोगिन नेपालले दिगो कृषि, वन व्यवस्थापन, पानी व्यवस्थापन, भौगोलिक र भौगर्भिक अवस्था सुहाउँदो विकास निर्माण अवलम्बन गर्न जरुरी छ। भोलि पछुताउनुभन्दा अनुकूलनको रणनीति भोलि होइन, आजै सुरु गर्न जरुरी छ।

वन व्यवस्थापन साझा दायित्व : क्यालिफोर्नियामा डढेलोको संकट आउनुको एउटा मुख्य कारण वनजंगलको व्यवस्थापनमा भएको कमजोरी हो भनेर कुरा उठाइएको छ। वनको समुचित र वैज्ञानिक व्यवस्थापन डढेलो नियन्त्रणका लागि पनि महत्वपूर्ण मानिन्छ। नेपालमा वन व्यवस्थापनको लामो इतिहास छ। विश्वमै समुदायमा आधारित वन व्यवस्थानको अग्रणी नमुना नेपालको सामुदायिक वनलाई मानिन्छ। समुदायको यो ऊर्जालाई वन जोगाउनमात्र होइन, आवश्यक व्यवस्थापन र संवर्द्धन गर्नमा पनि लगाउन सकियो भने वनबाट फाइदा पनि लिन सकिन्छ, डढेलोको जोखिमबाट बचाउने पनि सकिन्छ। वन काँटछाँट, ढलापडा व्यवस्थापन, अग्नि रेखा निर्माण, व्यवस्थापनको रूपमा प्रयोग गरिने नियन्त्रित आगलागी, समुदायमा आधारित वन अनुगमन आदिबाट डढेलो नियन्त्रणमा मद्दत पुग्छ। यसका अतिरिक्त अवैध फडानी र चोरी निकासी नियन्त्रण, वन प्राविधिकहरूलाई उपयुक्त तालिम, सीप र सामग्रीको पहुँच र उच्च मनोबल पनि उत्तिकै महत्वपूर्ण छ। हामीले वन व्यवस्थापनलाई गम्भीर रूपमा लिनुपर्छ। यस पटकको डढेलोबाट सिक्नुपर्ने पाठ यही हो कि अमेरिकाजस्ता साधन सम्पन्न देशहरू पनि धौ धौमा परेका छन् भने सीमित स्रोत भएका देशहरूले पूर्वतयारीले नै केही सामना गर्न सक्छन्। नत्र वन आगलागीबाट पराजित हुनु पर्ने यथार्थ हो, यो गम्भीर कुरा हो।

सहरीकरण र भू-उपयोग योजना : क्यालिफोर्नियाको डढेलोमा जंगल मात्रै जलेन, जंगलको आसपासमा रहेका सहर, बस्ती र मानव निर्मित संरचनाहरू पनि ध्वस्त भए। नेपालजस्ता मुलुकका लागि यो महत्वपूर्ण पाठ हो। नेपालका धेरैजसो विकास निर्माण र संरचनाहरू बाढी, पहिरो, डढेलोजस्ता प्राकृतिक प्रकोपको उच्च जोखिम भएका ठाउँमा रहने गरेका छन्। फलतः बर्सेनि प्राकृतिक प्रकोपबाट धनजनको क्षति व्यहोर्नु परेको स्थिति छ। बढ्दो सहरीकरणसँगै यो जोखिम झन् बढेको छ। सरकारले भू-उपयोग योजना बनाई प्रकोपको उच्च जोखिम भएका स्थानमा सहरीकरण गर्न नदिने नीति ल्याउनु जरुरी छ। यसका अलावा सहरी विकास योजनामा प्रकोप जोखिम हेरी ती जोखिम घटाउने खालका संरचना निर्माण गर्नु, परिआउँदा उद्धारलाई सजिलो हुने मापदण्डअनुसार पूर्वाधार तयार पार्नु पनि आवश्यक छ।

समुदायमा आधारित प्रकोपको पूर्वतयारी तथा व्यवस्थापन :

क्यालिफोर्नियाको डढेलोबाट समुदायलाई उद्धार गर्ने र बचाउने क्रममा महसुस गरिएको एउटा पक्ष समुदायमा आधारित प्रकोपको पूर्वतयारी र व्यवस्थापन पनि हो। खासगरी जहाँ गरिब र अश्वेतहरूको बाहुल्य भएका र उच्च जोखिममा परेका ठाउँहरूमा उद्धार र पुनर्स्थापना उति सजिलो भएन भन्ने खबरहरू आए। नेपालको सन्दर्भमा पनि बढी, पहिरो र आगलागीपछि यो समस्या टड्कारो देखिन्छ। यसबाट विपन्न र सीमान्तकृत समुदाय बढी प्रभावित हुने गर्छन्। यसर्थ समुदायमा आधारित पूर्वतयारी, जनस्तरमा जनचेतना र तालिम, पूर्वसूचना प्रणाली र प्रकोपपछि पनि यथाशीघ्र व्यवस्थापन र पुनर्स्थापनामा पहुँच हुनु जरुरी हुन्छ। अन्तर्राष्ट्रिय ऐक्यबद्धता र सहकार्य : जलवायु परिवर्तन र यसबाट सिर्जित समस्यासँग जुध्न एक्लै काफी नहुन सक्छ। शक्ति राष्ट्र अमेरिकाको क्यालिफोर्नियाको अहिलेको डढेलोको संकटसँग जुध्न छिमेकी मित्रराष्ट्रहरूले आआफ्नो विज्ञता र क्षमताअनुसार सघाएका छन्। यो घटनाको सामना गर्न क्यालिफोर्निया एक्लै छैन। नेपालको सन्दर्भमा कुरा गर्दा पनि जलवायुजन्य प्रकोपबाट नेपाल बढी प्रभावित त होला तर यो नेपालको मात्र स्थानीय समस्या होइन र नेपाल एक्लैले जुधेर पनि सक्दैन। जसमा अन्तर्राष्ट्रिय सहमति, सहकार्य र ऐक्यबद्धताको जरुरी पर्छ। क्यालिफोर्नियाको डढेलो जलवायु परिवर्तन र कमजोर भू-व्यवस्थापनका कारण सिर्जित प्रलयकारी प्रकोप हो। यसबाट धनजनको क्षति त भयो नै। जसले भोग्यो उसका लागि त यो विपद् महँगो सावित भयो नै। तर विश्व समुदायलाई भने एक महत्वपूर्ण शिक्षा भयो। खासगरी नेपालजस्ता जलवायु परिवर्तनको असरबाट प्रभावित, भू-उपयोगका दृष्टिले वैज्ञानिक नीतिको अभाव भएका र जोखिमको पूर्वतयारीमा खासै ध्यान नपुगेका मुलुकहरूका लागि त एक प्रकारको 'बेकअप कल' नै हो। क्यालिफोर्नियाको त्रुटिबाट सिकेर स्रोत व्यवस्थापन, सहरीकरण र विकास निर्माणमा वातावरणमैत्री नीति, कार्यक्रम र अभ्यासहरू गर्न सके प्रकोपबाट जोगिँदै दिगो र सुनिश्चित भविष्य निर्माण गर्न सकिन्छ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

# INTERIM FINANCIAL STATEMENTS AS ON POUSH 29, 2081

**Excel Development Bank Limited**
**Condensed Statement of Financial Position**
**As on quarter end 29 Poush 2081 (13 January, 2025)**

The Bank
Figures in NPR

| Particulars | This Quarter Ending | Immediately Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalents | 2,052,484,743.92 | 2,057,930,512.37 |
| Due from Nepal Rastra Bank | 843,389,436.97 | 304,451,510.96 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to BFIs | 311,028,930.35 | 397,129,752.78 |
| Loans and Advances to Customers | 11,293,342,162.45 | 10,833,762,785.43 |
| Investment Securities | 2,176,085,097.71 | 3,092,126,880.59 |
| Current Tax Assets | 32,841,129.21 | - |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investment Property | 340,413,529.77 | 308,711,211.18 |
| Property and Equipment | 198,093,897.86 | 206,491,336.54 |
| Goodwill and Intangible Assets | 1,687,163.48 | 2,218,072.39 |
| Deferred Tax Assets | - | - |
| Other Assets | 36,666,655.71 | 49,583,787.71 |
| **Total Assets** | **17,286,032,747.43** | **17,252,405,849.95** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 214,296,931.58 | 260,343,650.14 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 14,764,746,796.22 | 14,763,480,967.17 |
| Borrowings | - | - |
| Current Tax Liabilities | - | 10,733,213.52 |
| Provisions | 14,295,813.29 | 14,295,813.29 |
| Deferred Tax Liabilities | 134,369,503.56 | 81,017,884.85 |
| Other Liabilities | 185,798,845.02 | 183,961,271.44 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **15,313,507,889.67** | **15,313,832,800.41** |
| **Equity** | | |
| Share Capital | 1,249,694,470.93 | 1,249,694,470.93 |
| Share Premium | 9,075,470.15 | 9,075,470.15 |
| Retained Earnings | (87,735,010.95) | (11,718,670.53) |
| Reserves | 801,489,927.63 | 691,521,778.99 |
| **Total Equity Attributable to Equity Holders** | **1,972,524,857.77** | **1,938,573,049.54** |
| Non Controlling Interest | - | - |
| **Total Equity** | **1,972,524,857.77** | **1,938,573,049.54** |
| **Total Liabilities and Equity** | **17,286,032,747.43** | **17,252,405,849.95** |

**Excel Development Bank Limited**
**Condensed Statement of Profit or Loss**
**For the quarter ended 29 Poush 2081 (13 January, 2025)**

The Bank
Figures in NPR

| Particulars | Current Year | | Previous Year Corrosponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 238,743,502.87 | 544,056,506.40 | 373,312,104.18 | 768,812,811.59 |
| Interest Expense | 162,481,064.60 | 347,609,753.20 | 265,156,925.49 | 562,811,746.66 |
| **Net Interest Income** | **76,262,438.26** | **196,446,753.19** | **108,155,178.69** | **206,001,064.93** |
| Fee and Commission Income | 21,289,584.90 | 40,952,043.80 | (3,788,821.10) | 41,185,668.33 |
| Fee and Commission Expense | 2,287,516.57 | 4,282,933.96 | 1,973,720.95 | 4,607,821.36 |
| **Net Fee and Commission Income** | **19,002,068.33** | **36,669,109.84** | **(5,762,542.05)** | **36,577,846.97** |
| **Net Interest, Fee and Commisson Income** | **95,264,506.59** | **233,115,863.03** | **102,392,636.64** | **242,578,911.90** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 939,671.91 | 2,020,313.76 | (910.78) | 117,057.51 |
| **Total Operating Income** | **96,204,178.51** | **235,136,176.80** | **102,391,725.86** | **242,695,969.41** |
| Impairment Charge / (Reversal) for Loans and Other Lossess | (7,466,484.46) | 174,118,780.13 | (37,088,541.71) | 161,623,085.05 |
| **Net Operating Income** | **103,670,662.97** | **61,017,396.66** | **139,480,267.57** | **81,072,884.36** |
| **Operating Expense** | | | | |
| Personnel Expenses | 41,584,495.37 | 89,205,302.63 | 40,911,410.50 | 89,698,080.82 |
| Other Operating Expenses | 23,068,511.08 | 49,454,207.13 | 21,893,858.55 | 46,735,426.73 |
| Depreciation & Amortisation | 6,536,927.91 | 12,893,189.07 | 7,593,906.47 | 14,584,430.50 |
| **Operating Profit** | **32,480,728.61** | **(90,535,302.17)** | **69,081,092.05** | **(69,945,053.69)** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | - | - | - | - |
| **Profit Before Income Tax** | **32,480,728.61** | **(90,535,302.17)** | **69,081,092.05** | **(69,945,053.69)** |
| Income Tax Expense | | | | |
| Current Tax | - | - | - | - |
| Deferred Tax | - | - | - | - |
| **Profit/(Loss) for the Period** | **32,480,728.61** | **(90,535,302.17)** | **69,081,092.05** | **(69,945,053.69)** |
| **Earnings per Share** | | | | |
| Annualized Basic Earnings per Share | | (14.49) | | (11.19) |
| Annualized Diluted Earnings per Share | | (14.49) | | (11.19) |
| **Condensed Statement of Other Comprehensive Income** | | | | |
| **Profit (Loss) for the Period** | **32,480,728.61** | **(90,535,302.17)** | **69,081,092.05** | **(69,945,053.69)** |
| **Other Comprehensive Income, Net of Income Tax** | **12,945,870.41** | **124,487,110.40** | **201,158,122.57** | **202,517,126.65** |
| **Total Comprehensive Income for the Period** | **45,426,599.02** | **33,951,808.23** | **270,239,214.61** | **132,572,072.96** |

**Excel Development Bank Limited**
**Ratios as per NRB Directive**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | - | 12.47% | - | 12.04% |
| Tier 1 Capital to RWA | - | 10.81% | - | 10.46% |
| Non-Performing Loan(NPL) to Total Loan | - | 8.56% | - | 4.70% |
| Total Loan Loss Provision to Total NPL | - | 82.73% | - | 125.66% |
| Cost of Funds | - | 4.54% | - | 7.44% |
| Credit to Deposit Ratio | - | 80.73% | - | 78.01% |
| Base Rate | - | 7.21% | - | 10.22% |
| Interest Rate Spread | - | 4.46% | - | 4.59% |

**Excel Development Bank Limited**
**Statement of Distributable Profit**
**For the quarter ended 29 Poush 2081 (13 January, 2025)**
**(As per NRB Regulation)**

| Particulars | Current Year Up to This Quarter (YTD) | Previous Year Corresponding Quarter (YTD) |
|---|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **(90,535,302.17)** | **(69,945,053.69)** |
| **Appropriations:** | | |
| a. General reserve | - | - |
| b. Foreign exchange fluctuation fund | (1,625.33) | (267.25) |
| c. Capital redemption reserve | - | - |
| d. Corporate social responsibility fund | - | - |
| e. Employees' training fund | (4,601,426.17) | (3,210,189.18) |
| f. Other | 1,987,063.35 | - |
| **Profit or (loss) before regulatory adjustment** | **(93,151,290.31)** | **(73,155,510.11)** |
| **Regulatory adjustment :** | | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | 12,079,477.57 | (12,976,832.16) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | 5,055,472.33 | - |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - | 7,886,269.74 |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - | - |
| h. Acturial loss recognised (-)/reversal (+) | - | - |
| i. Other (+/-) | - | - |
| **Net profit for the quarter end 29th Poush 2081 availiable for distribution** | **(76,016,340.42)** | **(78,246,072.53)** |
| **Opening Retained Earning as on Shrawan 01. 2081** | **(11,718,670.53)** | **(12,058,091.12)** |
| Adjustment (+/-) | | |
| **Distribution :** | | |
| Bonus Share Issued | - | - |
| Cash Dividend Paid | - | - |
| **Total distributable profit or (loss) as on 29th Poush 2081** | **(87,735,010.95)** | **(90,304,163.65)** |
| Annualised Distributable Profit/loss per Share | (14.04) | (14.45) |

**Notes to the Interim Financial Statements**

| | |
|---|---|
| 1 | The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank except guidelines of Excepted Credit Loss (ECL) Model as required by NFRS 9. Financial statements as per ECL Guidelines shall be reported to the NRB. |
| 2 | Previous period figure have been regrouped / rearranged/ restated wherever necessary. |
| 3 | Loans and Advances are presented net of impairment charges. |
| 4 | Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorities. |
| 5 | The detailed Interim Report has been published in the Bank's Website. |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विश्लेषण**

(क) आ.व. २०८१/८२ को दोस्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ । यस वित्तीय संस्थाको सम्बन्धित पक्षवीच कारोवार रहेको छैन ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| अनुपातहरु | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी (वार्षिक) | रु (१४।४९) | पि.ई. अनुपात (वार्षिक) | रु (४०।३७) |
| प्रतिशेयर नेटवर्थ | रु १५७।८४ | तरलता अनुपात | २८।९९ |
| प्रतिशेयर कूल सम्पत्ती | रु १,३८३।२२ | | |

२. **व्यवस्थापकीय विश्लेषण**

(क) यस बैंकले आ.व.२०८१/८२ मा व्यवसायिक योजनानुसार बैंकको निक्षेप एवं कर्जा कारोबारमा यथोचित वृद्धि गर्दै लैजाने, बैंकको ग्राहक सेवा स्तरमा वृद्धि गरिने, व्यवसायीक विकासका लागी नयाँ शाखाहरु खोल्ने एवं भैरहेको शाखाहरुको स्तर वृद्धि गर्दै लैजाने नीति रहेकोमा सोही अनुसार कामहरु भईरहेका छन् ।

(ख) हाल देखिएको कर्जा प्रवाहमा संकुचन तथा कर्जा असूलीमा समेत समस्या उत्पन्न भई बैंकको समग्र नाफा तथा वितरणयोग्य नाफामा प्रत्यक्ष प्रभाव पर्न गएको छ ।

३. **कानूनी कारवाही सम्बन्धि विवरण**

(क) यस त्रयमास अवधिमा यस संस्थाको विरुद्ध एक वटा मुद्दा दायर भएको छ ।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा सस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **शेयर कारोबार सम्बन्धि विश्लेषण**

(क) देशको समष्टिगत शेयर बजारको कारोबारमा उतारचढाब आई यस बैंकको शेयर कारोबार पनि खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको ।

(ख) शेयर कारोबार तर्फ यस त्रैमासको कारोबार (नेपाल स्टक एक्सचेञ्ज लि. को वेव साइट अनुसार)

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु ७७४।०० | न्यूनतम मूल्य | रु ५३०।७० |
| अन्तिम मूल्य | रु ५८५।०० | कुल कारोबार शेयर संख्या | ४४,९१,५४६।०० |
| जम्मा कारोबार दिन | ५५ | | |

५. **समस्या तथा चुनौती**

(क) बैंक तथा वित्तीय संस्थाहरुको बाक्लो र बढ्दो उपस्थिती एवं एक-आपस विचको तिब्र प्रतिस्पर्धाको कारणले यस बैंकको व्यापारमा प्रभाव परेको छ ।

(ख) समय समयमा नियामक नियकायबाट जारी निर्देशनहरुको कार्यान्वयन गर्नेक्रममा बैंकको आम्दानीमा संकुचन भएको छ । बर्तमान असहज परिस्थतीमा समेत यस बैंकले उपयुक्त व्यवसायिक नीति लिई ग्राहकहरुको सदाभैं यस बैंक प्रति रहि आएको विश्वासमा अभिवृद्धि गराई समग्र कारोवारमा संन्तोषजनक रुपमा वृद्धि गरी सुदृढ तरलताको स्थिति तथा खुद मुनाफा बृद्धि गर्न प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्दै गएको छ । बैंकले नयाँ सेवाहरुको आवश्यकतालाई महसुस गरि आधुनिक बैंकिङ्गका बिबिध प्रबिधिहरुलाई आत्मसात गर्दै आएको छ ।

६. **संस्थागत सुशासन**

यस बैंक सर्वसाधारण जनताको पहुँच भित्र रहेको र बैंकले लक्षित गरेको ग्राहकहरु पनि यसै समुह भित्र भएकाले ग्राहकहरुको बैंक प्रतिको विश्वासलाई कायम राख्न एवं विश्वासमा वृद्धि गरि संस्थालाई सवल, नियमित र पारदर्शी ढंगले चाल्नु पर्ने सत्यतालाई आत्मसात गरी नियमनकारी निकाय नेपाल राष्ट्र बैंक लगायत अन्य सबै निकायहरुका निर्दीष्ट नियमहरु एवं अन्य प्रचलीत नियम कानुनको परिधी भित्र रही यस बैंकको कारोबार स्वच्छ रुपमा संचालन भई आएको छ । साथै बैंकले सुशासन कायम राख्दै संचालन जोखिमहरु कम गरी कारोबारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति नियम तथा निर्देशिकाहरुको तर्जूमा गरी लागु गरीएको, आन्तरिक लेखा परीक्षण समितिको बैठक र आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई समिति तथा लेखापरिक्षकवाट प्राप्त सुझावहरु कार्यान्वयन तथा समिक्षा गर्ने गरिएको तथा तदानुसार आवश्यक सुधारका कार्यहरु गर्ने गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।